Prem Prasad Chaulagain **_Pragnya Sarathi_** _Vol._ 23, 2025, pp. 15-26

**Publisher:** TUTA, Dhawalagiri Multiple Campus, Baglung ISSN: 2392-4438




**Article information**

Received: 29 February 2025

Review: 1 March - 16 March 2025

Revision 17 March -23 March 2025

Accept: 28 March 2025

Published: 10 April 2025

DOI: https://doi.org/10.3126/ps.v23i1.77512

Available: https://www.nepjol.info/index.php/ps

# स्फोटवाद र सङ्केत सिद्धान्तको तुलना

प्रमप्रसाद चौलागाईं, विद्यावारिधि

उपप्राध्यापक, नेपाली विभाग

त्रिचन्द्र बहुमुखी क्याम्पस काठमाडौं

Email: chaulagainprem999@gmail.com

**लेखसार**

प्रस्तुत लेख पूर्वीय वैयाकरण भर्तृहरि (इ.पाँचौं शताब्दी) द्वारा प्रस्तुत स्फोटवाद र आधुनिक भाषाविज्ञानका प्रवर्तक फर्डिनान्ड डि ससुर (इ.बिसौं शताब्दी) द्वारा प्रस्तुत सङ्केत सिद्धान्तको तुलनात्मक अध्ययनमा केन्द्रित छ । यसैले यस लेखमा स्फोटवाद र सङ्केत सिद्धान्तका वैशिष्ट्य प्रस्तुत गर्नुका साथै तिनको तुलना गरी प्राप्त भएको निचोड प्रस्तुत गरिएको छ । स्फोटवाद र सङ्केत सिद्धान्त दुवैले सामान्य भाषा र काव्य भाषाको अध्ययन र विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक आधार दिएका छन् । स्फोटवादले शब्द, अर्थ र ती दुईका बिचको सम्बन्ध तथा भाषिक सम्प्रेषण प्रक्रियाका माध्ममबाट सामान्य भाषा र काव्य भाषाको विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक आधार दिएको छ । यसले अर्थविनाको शब्द हुँदैन तर कुन शब्दको के अर्थ हो भन्ने कुरो प्रयोगमा आधारित हुन्छ भन्दै अर्थनिर्धारणका लागि प्रकरण, देश, काल आदिलाई आधार मानेको छ । प्रकरण, देश, काल आदिका कारण एउटै शब्दले पनि अनन्त अर्थ दिन सक्छ भन्ने स्फोटवादको धारणा हो । स्फोटवादमा शब्द भनेर अर्थयुक्त भाषिक एकाइ मात्र नभई समष्टि भाषिक संरचना हो । स्फोटवादका यी मान्यताबाट उत्तरवर्ती भाषिक सिद्धान्त र ध्वनिवाद रससिद्धान्त जस्ता साहित्यिक सिद्धान्त प्रभावित भएकाले यो उपजीव्य सिद्धान्तका रूपमा रहन सफल भएको छ । यस्तै सङ्केत सिद्धान्तले पनि स्फोटवादले जस्तै सङ्केतक (शब्द), सङ्केतित (अर्थ) र ती दुईका बिचको सम्बन्ध एवम् भाषिक सम्प्रेषण प्रक्रियाका माध्यमबाट सामान्य भाषा र काव्य भाषा दुवैको विश्लेषण गर्ने सैद्धान्तिक आधार दिएको छ । यस सिद्धान्तले पनि सङ्केतकअन्तर्गत शब्द मात्र नभई समष्टि भाषिक संरचनालाई समेटेको छ । यस सिद्धान्तले सामान्य भाषा र काव्य भाषाको भिन्नता छुट्याउने आधारमा वक्ता/लेखक र श्रोता/पाठकको परिस्थितिगत समानता र बौद्धिक क्षमतालाई आधार बनाएको छ । सङ्केत सिद्धान्तबाट पनि रूपार्थपरक व्याकरण, व्यवस्थापरक व्याकरणलगायतका भाषिक सिद्धान्त र उत्तरसंरचनावाद आदि साहित्यिक सिद्धान्त प्रभावित भएकाले यो पनि उपजीव्य सिद्धान्तका रूपमा स्थापित भएको छ । यसरी प्रस्तुत अध्ययनबाट यी दुवै सिद्धान्त सामान्य भाषा र काव्य भाषाको विश्लेषणका लागि आधारभूत सिद्धान्त र उत्तरवर्ती भाषिक र साहित्यिक सिद्धान्तका लागि उपजीव्य सिद्धान्तका रूपमा रहेका र यी दुई सिद्धान्तमध्ये पनि पूर्ववर्ती स्फोटवादबाट उत्तरवर्ती सङ्केत सिद्धान्त प्रभावित भएको मुख्य निष्कर्ष प्राप्त भएको छ ।

_शब्दकुञ्जी_ : अपोद्धार अर्थ, प्रकरण, वाक्प्रतीक, सङ्केत, स्थितलक्षण अर्थ

© by author: This article is licensed under the terms and conditions of Creative Commons Attribution Non-commercial (CC BYNC) License (https://creativecommons.org/licenses/by-nc/4.0/

## विषयपरिचय

स्फोटवाद पूर्वीय व्याकरण परम्परामा विकसित भाषिक र साहित्यिक अध्ययनको आधारभूत सिद्धान्त हो । पूर्वीय व्याकरण परम्पराका पाणिनिले स्फोटको सङ्केत र पतञ्जलिले स्फोटको अर्थसहित केही पक्षको चर्चा गरे पनि दार्शनिक र सैद्धान्तिक दृष्टिका साथ स्फोटवादको विस्तृत र व्यवस्थित व्याख्या र विश्लेषण गरेर भाषिक र साहित्यिक अध्ययनको सैद्धान्तिक आधार तयार पार्ने व्यक्ति भर्तृहरि (इ.पाँचौं शताब्दी) हुन् । उनको वाक्यपदीय स्फोटवादकै विश्लेषणमा आधारित छ । यस वादले शब्द, अर्थ र ती दुईका बिचको सम्बन्ध र भाषिक सम्प्रेषण प्रक्रियाका माध्यमबाट सामान्य भाषा र काव्य भाषा दुवैको विश्लेषणका लागि उपयुक्त सैद्धान्तिक आधार दिनुका साथै उत्तरवर्ती अधिकांश भाषिक एवम् साहित्यिक अध्ययनका सिद्धान्तहरूमा प्रभाव पनि पारेको छ ।

सङ्केत सिद्धान्त इ.बिसौँ शताब्दीमा आधुनिक भाषाविज्ञानको प्रवर्तन गर्ने भाषाविद् फर्डिनान्ड डि ससुरद्वारा प्रस्तुत सिद्धान्त हो । यस सिद्धान्तले पनि स्फोटवादले जस्तै सङ्केतक (शब्द), सङ्केतित (अर्थ) र ती दुईका बिचको सम्बन्ध एवम् भाषिक सम्प्रेषण प्रक्रियाका माध्यमबाट सामान्य भाषा र काव्य भाषा दुवैको विश्लेषण गर्ने सैद्धान्तिक आधार दिएको छ । यसैले यी दुई सिद्धान्तका आधारमा नेपाली भाषा र साहित्यको पनि अध्ययन र विश्लेषण गर्न सकिन्छ । यी दुई सिद्धान्तको सैद्धान्तिक व्याख्या र यिनका आधारमा सामान्य भाषाको अध्ययन भए पनि साहित्यको व्याख्या भने हुन सकेको छैन । नेपालीमा सङ्केत सिद्धान्तका केही मान्यताका आधारमा शर्मा (२०७६) र स्फोटवादका आधारमा चौलागाईं (२०७६) ले साहित्यिक भाषाको विश्लेषण गर्ने उदाहरणसहित केही आधारको चर्चा गरेका छन् । चौलागाईं (२०७८) ले स्फोटवादका आधारमा स्वप्नदृष्टि महाकाव्यको विश्लेषण गरेका छन् । प्रस्तुत पूर्वकार्यको अध्ययन गर्दा यी दुई सिद्धान्तबिच समानता रहेको देखिए पनि तुलनात्मक अध्ययन गरी तिनका बिचको साम्यवैषम्यको निरूपण भएको पाइँदैन । यस्तै यी दुई सिद्धान्तमध्ये कुन उपजीव्य सिद्धान्त हो भन्ने कुराको भने निर्क्योल भएको छैन । यस सन्दर्भमा सामान्य भाषा र काव्य भाषा दुवैको विश्लेषणका लागि सैद्धान्तिक आधार दिने यी दुई सिद्धान्तको तुलना गरी यी दुईका बिचको साम्यवैषम्यको निरूपणका साथै यी दुई सिद्धान्तमा पनि कुन सिद्धान्त प्रेरक हो भन्ने विषयको निर्क्योल गर्नु वाञ्छनीय देखिन्छ । यसैले प्रस्तुत लेख स्फोटवाद र सङ्केत सिद्धान्तका बिच समानताका पक्ष के के हुन् र यी दुई सिद्धान्तमा पनि प्रेरक सिद्धान्त कुन हो भन्ने प्राज्ञिक जिज्ञासाको समाधानमा केन्द्रित छ ।

## अध्ययनविधि

स्फोटवाद र सङ्केत सिद्धान्तको तुलनात्मक अध्ययनमा केन्द्रित प्रस्तुत लेखमा पुस्तकालयकार्यबाट सामग्री सङ्कलन गरिएको छ । प्रस्तुत अध्ययनमा भर्तृहरिको वाक्यपदीय र ससुरको सामान्य भाषाविज्ञानको पाठ्यक्रम (Cours de Linguistique Generala) (अङ्ग्रेजी अनुवाद : Course in General Linguistics) प्राथमिक सामग्रीका रूपमा र स्फोटवाद एवम् सङ्केत सिद्धान्तको व्याख्यासँग सम्बद्ध सामग्रीहरू द्वितीयक सामग्रीका रूपमा रहेका छन् । स्फोटवाद र सङ्केत सिद्धान्तका आधारभूत मान्यतालाई उदाहरणका माध्यमबाट स्पष्ट पार्नका लागि भैरव अर्यालको 'आलु' निबन्ध, गोपालप्रसाद रिमालको 'आमाको सपना' भूपी शेरचनको 'मेरो देश' र दिनेश अधिकारीको 'हर्कबहादुर' कविताबाट पनि सामग्री सङ्कलन गरिएको छ । गुणात्मक प्रकृतिको प्रस्तुत लेख स्फोटवाद र सङ्केत सिद्धान्तका सैद्धान्तिक मान्यतामा रहेका समानता र भिन्नताको निरूपणमा केन्द्रित भएकाले यसमा सैद्धान्तिक मान्यताको विवेचनाका लागि व्याख्यात्मक र ती दुईका बिचको समानता र भिन्नताको निर्क्योलका लागि तुलनात्मक विधिको उपयोग गरी सामान्यीकरण गरिएको छ ।

## प्राप्ति र विश्लेषण

### स्फोटवाद

'स्फोट' स्फुट + घञ्>अ (पाणिनि, सन् १९९४, पृ.६८५) बाट बनेको शब्द हो । यसको सामान्य अर्थ बाहिरी आवरण फारेर बाहिर निस्कनु वा अन्तर्निहित वस्तु प्रकटित हुनु भन्ने हुन्छ । व्याकरणका सन्दर्भमा भने 'जसबाट अर्थको प्रस्फुटन हुन्छ त्यही नै स्फोट हो भन्दै शब्दबाट अर्थको स्फुटन हुने भएकाले शब्दलाई स्फोटका रूपमा लिइएको छ (द्विवेदी, सन् १९५१, पृ.१२) । यही स्फोटकै आधारमा भाषिक व्यवस्थाको विश्लेषण गर्ने सैद्धान्तिक मान्यतालाई स्फोटवाद भनिन्छ ।

व्याकरणका सन्दर्भमा स्फोट शब्दको प्रयोग पाणिनिले गरेका छन् (पाणिनि, सन् १९९४, पृ.६९८) तर उनले स्फोटको व्याख्या भने गरेका छैनन् । स्फोटको अर्थका साथै त्यसका विभिन्न पक्षको चर्चा गर्ने पहिलो व्यक्ति पतञ्जलि हुन् । उनले महाभाष्यमा 'स्फोट शब्द, ध्वनि शब्दको गुण' (स्फोटः शब्दः ध्वनिः शब्दगुणः) हो भन्दै शब्दतŒवलाई स्फोट मानेका

छन् (द्विवेदी, सन् १९५१, पृ.१४) । यसपछि भर्तृहरि (इ.पाँचौं शताब्दी) ले स्फोटवादकै व्याख्यामा केन्द्रित वाक्यपदीय नामक पुस्तकमा पूर्ववर्ती मतको व्याख्या विश्लेषण गरेका छन् । उनले यसमा आफ्नो मत दिएर दार्शनिक र सैद्धान्तिक दृष्टिले स्फोटको चर्चा गरी यसकै माध्यमबाट समग्र भाषिक संरचना र अर्थ एवम् भाषाको दार्शनिक पक्षमाथि प्रकाश पारेकाले स्फोटवादका मुख्य व्याख्याताका रूपमा भर्तृहरिलाई लिइन्छ ।

स्फोटवादले 'जसबाट अर्थ प्रस्फुटित/द्योतित हुन्छ त्यो स्फोट हो' भन्दै शब्द र अर्थको समन्वित रूपलाई स्फोट मानेको छ । यसैले अर्थविनाको शब्द हुँदैन र शब्दले अर्थ व्यक्त गर्नु नै पर्दछ भन्दै शब्द र अर्थका बिच अपृथक् सम्बन्ध स्विकारेको छ (भर्तृहरि, सन् १९६५, पृ १५३) । यस वादले यिनै अन्योन्याश्रित रूपमा रहेका शब्द र अर्थका माध्यमबाट समग्र भाषिक संरचना र अर्थको विश्लेषण गरेको छ ।

स्फोटवादका अनुसार शब्द बाह्य र आन्तरिक गरी दुई प्रकारका छन् । ध्वनिसमुदाय/नाद बाह्य शब्द हो भने बुद्धिस्थ शब्द आन्तरिक शब्द हो । अर्थ व्यक्त गर्ने शब्दलाई स्फोट भनिएकाले बुद्धिस्थ शब्द स्फोट हो । बाह्य शब्द/ध्वनिसमुदाय विनाशशील हुने भएकाले अर्थको अन्योन्याश्रित सम्बन्ध चाहिँ आन्तरिक शब्द/स्फोटसित रहेको हुन्छ । ध्वनिसमुदाय अर्थहीन र विनाशशील भए पनि तिनको संस्कार मस्तिष्कमा रहन्छ र यही संस्कारबाट नै स्फोटको अभिव्यक्ति हुन्छ । स्फोटलाई भर्तृहरिले अरणिस्थ ज्योति (दाउरामा रहेको आगो) को दृष्टान्त दिएर व्याख्या गरेका छन् । दाउरामा सूक्ष्म रूपमा रहेको अग्नि बाह्य स्थूल/दृश्य अग्निको कारण बनेझैँ स्फोट पनि बाह्य शब्दको कारण बन्दछ (भर्तृहरि, सन् १९६५, पृ ५०) । यसरी एकातिर बुद्धिस्थ स्फोट कण्ठ, तालु आदि ध्वनि अवयवको सहायताबाट ध्वनिरूपमा परिणत हुन्छ भने अर्कोतिर उक्त ध्वनिसमुदायबाट स्फोटको अभिव्यञ्जन पनि हुन्छ । जस्तै, 'घर्' (उच्चार्य रूप) शब्दमा आएका तीनओटा ध्वनि 'घ्अर्' व्यवस्थित अनुक्रममा आएका छन् । यसैले यिनले बुद्धिस्थ 'घर्' शब्दलाई सङ्केत गरेका छन् । यसैले यो ध्वनिसमुदाय बुद्धिस्थ 'घर्' शब्दको व्यञ्जक हो । बुद्धिस्थ 'घर्' शब्दले अर्थ (आवास) लाई बुझाएकाले उक्त शब्द पनि अर्थको व्यञ्जक हो । यसैले ध्वनिसमुदायबाट अभिव्यक्त हुने स्फोटको सत्ता बुद्धिमा पहिलेदेखि नै रहेको हुनुपर्दछ । नेपाली मातृभाषीका सन्दर्भमा 'रघ्' लाई स्फोटका रूपमा बुद्धिले स्वीकार नगरेका कारण 'र्अघ्' ध्वनिसमुदायले स्फोटलाई व्यञ्जित गर्न सक्दैन । यसैले बुद्धिमा निविष्ट स्फोटलाई मात्र ध्वनिसमुदायले व्यक्त गर्न सक्दछन् ।

शब्द रूपभन्दा माथिल्लो र पदभन्दा तल्लो एकाइ हो तर स्फोटवादका सन्दर्भमा भने शब्दले रूपदेखि वाक्यसम्मका अर्थयुक्त सम्पूर्ण एकाइलाई बुझाउने भएकाले शब्द भनेको अर्थयुक्त भाषिक संरचना हो । धातु, प्रत्यय, उपसर्ग, शब्द र वाक्यले अर्थ बुझाउने भएकाले यी सबै स्फोटअन्तर्गत पर्दछन् । भर्तृहरिले यी सबै किसिमका भाषिक संरचनालाई समेट्नका लागि वाक्यदेखि ध्वनिसम्मका सम्पूर्ण भेदको चर्चा गरेर शब्दस्फोट, पदस्फोट आदिको उल्लेख गरे पनि अखण्ड वाक्यस्फोटलाई नै प्रयोग, संरचना र अर्थ सबै दृष्टिले स्वतन्त्र एकाइका रूपमा लिएका छन् (भर्तृहरि, सन् १९६५, पृ. १८) । यसैले भाषिक संरचनामा वाक्यले मात्र स्वतन्त्र र पूर्ण अर्थ दिन सक्छन् । स्वतन्त्र र पूर्ण अर्थ दिने एउटै पद पनि वाक्यकै रूपमा रहेको हुन्छ । बिजुलीको खम्बामा लेखिएको 'खतरा' शब्द नभई वाक्य हो । यसमा अन्य एकाइहरूको अध्याहार गर्नुपर्ने हुन्छ । 'यहाँ खतरा छ' वाक्य हो र उक्त वाक्यको 'बिजुलीको खम्बामा विद्युत्प्रवाहका कारण सम्भावित विपत्ति भएकाले छुनु हुँदैन' भन्ने सम्पूर्ण अर्थ एउटै 'खतरा' शब्दले दिएको छ । यसमा अन्य पदको अर्थ अध्याहारबाट बोध हुन्छ । यसैले स्फोटवादका सन्दर्भमा 'शब्द' भन्नाले अर्थयुक्त भाषिक संरचना भन्ने बुझिन्छ ।

स्फोटमा संरचना र अर्थ दुवै सँगसँगै रहने भएकाले स्फोट शब्दबाट अर्थको अभिव्यक्ति स्वतः हुन्छ । अर्थ/विचार बुद्धिमा रहेको हुन्छ र त्यसले भौतिक अर्थ/पदार्थसित समन्वय गरेको हुन्छ । बुद्धिस्थ विचारबाट मानसिक शब्द/स्फोट हुँदै ध्वनिसमुदायबाट व्यक्त भइसकेपछि श्रोताले अर्थ बोध गर्छ । स्फोटवादका अनुसार अर्थ दुई प्रकारका हुन्छन् : अपोद्धारपदार्थ र स्थितलक्षण अर्थ (भर्तृहरि, सन् १९६५, पृ.२८) । अपोद्धार पदार्थ पदविच्छेदबाट प्राप्त हुने प्रकृति र प्रत्ययनिष्ठ अर्थ हो । यसलाई व्युत्पत्तिलभ्य अर्थ पनि भनिन्छ । 'सामाजिक' शब्दमा आएको 'इक' प्रत्ययले 'भएको' भन्ने अर्थ दिएर यस शब्दबाट समग्रमा 'समाजमा भएको' भन्ने अर्थ दर्साएको छ । यसको लक्षण वा अर्थ निश्चित छ। मुख्य रूपमा वाक्यको अर्थ स्थित ( निश्चित) हुने भएकाले वाक्यार्थलाई स्थितलक्षण अर्थ मानिएको छ । कुनै पनि शब्द वाक्यमा प्रयुक्त भएपछि मात्र त्यसको अर्थ यही हो भनेर निश्चित हुन्छ (भर्तृहरि, सन् १९६५, पृ ६०) । यसैले एउटै ध्वनिसमुदायले व्यक्त गर्ने स्फोटबाट फरकफरक अर्थको अभिव्यक्ति हुन्छ, जस्तैः

(१) तिमीले 'अर्थको अर्थ' को अर्थ बुझ्यौ ?

उपर्युक्त वाक्यमा 'अर्थ' शब्द संरचनाका दृष्टिले एउटै भए पनि तीन ठाउँमा प्रयोग भएको 'अर्थ' शब्दको अर्थ भने समान छैन । 'अर्थको अर्थ' नेपाल टेलिभिजनबाट प्रसारित हुने एउटा कार्यक्रम हो । यस पदावलीमा पहिलो अर्थ शब्दले


'धनसम्पत्ति' लाई बुझाएको छ भने दोस्रो अर्थ शब्दले प्रयोजन भन्ने अर्थ बुझाएको छ । तेस्रो अर्थ शब्दले भने माने बुझाएको छ । शब्दमा समानता हुँदाहुँदै पनि अर्थमा वैविध्य आउनुमा प्रयोगले भूमिका खेलेको देखिन्छ । यसैले भर्तृहरिले 'जुन शब्दको उच्चारणबाट जुन अर्थको बोध हुन्छ, त्यही नै त्यसको अर्थ हो' (भर्तृहरि, सन् १९६५, पृ १८०) भन्दै अर्थनिर्धारणका लागि शब्दको संरचनाभन्दा पनि प्रयोग पक्षलाई जोड दिएका छन् । यसैले भर्तृहरिले शब्दको अर्थ केवल रूपबाट मात्र निर्धारित नभई वाक्यको प्रयोग, प्रकरण/प्रसङ्ग, औचित्य, देश, कालअनुसार निर्धारित हुन्छ (भर्तृहरि, सन् १९६५, पृ १८९) भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । निम्नलिखित उदाहरणबाट यसलाई स्पष्ट पार्न सकिन्छ :

> (२) फलानाको त तालुमा आलु फलेछ । यसरी फल्ने आलुलाई न मल चाहिन्छ न जल, न माटो चाहिन्छ, न स्थल । कसैको रौँ पनि उम्रन नसकेर बाँझो पल्टिरहेको तालुमा पनि रोप्नु न गोड्नुसित आलु फलिदिन्छ । ...जसको तालुमै आलु फल्छ, उसलाई तरकारी समस्याले के पिर्थ्यो र, सरकारी नियम कानुनले पनि केही लछार्न सक्तैन । (अर्याल, २०७६, पृ.१९३)

प्रस्तुत उद्धरणमा प्रयुक्त 'आलु' शब्दको सामान्य अर्थ 'प्रायः अन्य तरकारीसित मिसाएर पकाइने खाद्यपदार्थ कन्दमूलविशेष' हो तर यहाँ तालुसित प्रयोग भएको आलु शब्दले भने प्रकरणअनुसार परम सौभाग्य अर्थात् भाग्य चम्केको भन्ने अर्थ सङ्केत गरेको छ । यसर्थ वक्ता, स्थान, समय र प्रकरणअनुसार व्यक्त हुने अर्थ प्रकरणार्थ हो । यिनै प्रकरण, देश, काल र वक्ताका कारण एउटै भाषिक संरचनाले पनि अनन्त अर्थ बुझाउन सक्दछ । यस सन्दर्भमा वक्ता/लेखकले कुन परिस्थितिमा भाषिक संरचनाको प्रयोग गरेको हो भन्ने कुराको जानकारी श्रोता/पाठकलाई भएपछि मात्र उसले सही अर्थको सम्प्रेषण हुन्छ भन्ने स्फोटवादको मान्यता हो । यस तथ्यलाई चौलागाईं (२०७६, पृ.१६) मा निम्नलिखित आरेखबाट स्पष्ट पारिएको छ :

**आरेख १**

*स्फोटवादअनुसार भाषिक सम्प्रेषण प्रक्रिया*




यस आरेखअनुसार वक्ताले बोल्ने विचार गर्छ । विचारअनुरूप पहिलदेखि बुद्धिमा निविष्ट भएका शब्दको चयन हुन्छ । शब्द र विचार/अर्थ अन्योन्याश्रित रूपमा सम्बन्धित हुन्छन् भन्ने कुरा दोहोरो बाणाकार चिह्नले सङ्केत गरेको छ । निश्चित विचारका लागि निश्चित शब्द रहेका हुन्छन् । त्यसैले कतिपय ठाउँमा फरक फरक विचारका लागि एउटै शब्द जस्तो देखिए पनि वस्तुतः त्यो फरक शब्द हो भन्ने बुझ्नुपर्छ । विचारअनुरूप भाषिक रूपको चयनपछि उच्चारण प्रक्रियाको प्रारम्भ हुन्छ । त्यसपछि उक्त स्फोटले भाषिक अभिव्यक्तिको रूप लिन्छ । त्यसको सञ्चरण भई श्रोताले ध्वनिसमुदायलाई श्रोत्रेन्द्रियका माध्यमबाट ग्रहण गर्दै बुद्धिस्थ शब्द/स्फोटका माध्यमबाट अर्थबोध गर्दछ । ध्वनिसमुदाय र सांसारिक पदार्थको सोझो सम्बन्ध नभई स्फोटका माध्यमबाट हुन्छ । यसैले यी दुईका बिच सम्बन्धक रेखाको उपस्थिति छैन । शब्दको अर्थ केवल रूपबाट मात्र निर्धारित नभई वाक्यको प्रयोग, प्रकरण वा प्रसङ्ग, औचित्य, देश, कालअनुसार निर्धारित हुन्छ । यसैले कुनै पनि क्षेत्रमा प्रयुक्त भाषाको व्याख्या गर्दा वक्ता, श्रोता, प्रकरण, औचित्य, देश, काल आदिलाई आधार बनाउनुपर्छ भन्ने स्फोटवादको मान्यता हो ।

स्फोटवादले भाषिक र साहित्यिक अध्ययनका लागि तयार पारेको यस सैद्धान्तिक आधारबाट उत्तरवर्ती सिद्धान्तहरू प्रभावित भएकाले तिनीहरूका लागि यो उपजीव्य सिद्धान्त बन्न पनि सफल भएको छ। स्फोटवादबाट प्रभावित सिद्धान्तमध्ये ध्वनिसिद्धान्त एक मुख्य सिद्धान्त हो। यस सिद्धान्तका प्रवर्तक काव्यशास्त्री आनन्दवर्धन (नवौं शताब्दी) हुन् भने यसलाई थप व्याख्या गरेर विकसित गर्ने कार्यमा अभिनव गुप्त र मम्मटको उल्लेख्य भूमिका रहेको छ। काव्यशास्त्री आनन्दवर्धनले मुख्य रूपमा व्यङ्ग्यार्थलाई बुझाउनका लागि ध्वनि शब्दको प्रयोग गरेका छन् र यसमा स्फोटवादको प्रेरणा रहेको उल्लेख गरेका छन्। उनले 'काव्यमा जहाँ शब्द अथवा अर्थले आफ्नो (मुख्य, सङ्केतित) अर्थलाई उपसर्जन (उपेक्षा) गरेर विशेष (काव्योपयुक्त रमणीय) अर्थको अभिव्यञ्जन गर्छ त्यसलाई ध्वनि भनिन्छ (आनन्दवर्धन, सन् २०१०, पृ ११) भनी गरेको ध्वनिको परिभाषा स्फोटको परिभाषासँग प्रभावित देखिन्छ र आनन्दवर्धन स्वयम् ले पनि यो कुरा स्वीकार गरेका छन्। यस्तै मम्मटले पनि ध्वनियुक्त काव्यलाई उत्तम काव्य मानेका छन् र ध्वनिसम्बन्धी मान्यता स्फोटवादबाट प्रभावित भएको उल्लेख गरेका छन् (मम्मट, सन् १९९०, पृ १३)। यसरी ध्वनिसिद्धान्तका अनुसार व्यङ्ग्यार्थ नै काव्यको आत्मा हो र यो वाच्यार्थ भिन्न भएकाले यसलाई प्रतीयमान अर्थ भनिएको छ। ध्वनिसिद्धान्तले पनि स्फोटसिद्धान्तले जस्तै व्यङ्ग्यार्थ प्रतीत हुनुमा वक्ता, प्रकरण आदिको मुख्य भूमिका हुने उल्लेख गरेको छ (मम्मट, सन् १९९०, पृ ४९)। ध्वनिसिद्धान्तले स्फोटवादले जस्तै वाक्यबाट मात्र ध्वनिको बोध हुने उल्लेख गरेको छ। समग्र वाक्यबाट रस, अलङकार र वस्तु प्रतीयमान अर्थका रूपमा आउन सक्ने भएकाले ध्वनिलाई पनि रसध्वनि, अलङ्कार ध्वनि र वस्तु ध्वनि गरी तीन प्रकारमा वर्गीकृत गरेको छ। यी तीन किसिमका ध्वनि र तिनको स्फोटवादसँगको सम्बन्धलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पार्न सकिन्छ:

(३) आलुको अनुहार सँधै सुकुमार, मानौँ उठ्ने बित्तिकै अप टु डेट सैलुन पुगेर आएको युवक जस्तो। दाह्रीजुँगा नभएको भन्दा तपाईंहरू शङ्का गर्नु होला : के आलु स्त्री जाति त होइन ? कुन्नि वा गोलभिँडालाई आलुको ठिमाहा छोरो भनेको कारण आलुले पिँडालुसित लभ गर्दागर्दै पाएको हो कि ? (अर्याल, २०७६, पृ. ११४)

यस उदाहरणमा सधैँ सुकुमार, मानौँ उठ्ने बित्तिकै अप टु डेट सैलुन पुगेर आएको युवक आलु आलम्बन विभाव, दाह्रीजुँगा नभएकाले आलुलाई स्त्री जातिको शङ्का गर्नु उद्दीपन विभाव, आलुले पिँडालुसित लभ गर्दागर्दै गोलभिँडालाई जन्माउनु अनुभावद्वारा पाठकको हृदयमा रहेको हास स्थायी भाव रसरूपमा अभिव्यक्त भएको छ। यसैले हास्य (रस) शब्दद्वारा सोझै उल्लेख नभई प्रतीयमान अर्थका रूपमा अभिव्यक्त भएकाले यो रसध्वनिको उदाहरण हो। यहाँ आलम्बन विभाव, उद्दीपन विभाव र अनुभाव व्यञ्जक हुन् भने हास्य रस व्यङग्य हो। उपर्युक्त निबन्धांशमा अभिव्यक्त भएको हास्य रस स्फोटवादले उल्लेख गरेको स्थितलक्षण अर्थ हो। यस्तै अलङ्कार ध्वनि र त्यससँग स्फोटवादको सम्बन्धलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

(४) जहाँ
प्रत्येक पहाडको काखमा नदी
छातीमा छहरा
र निधारमा लेक हुन्छ। (शेरचन, २०७६, पृ..१०४)

यस उदाहरणमा 'जुन (नेपाल) देशमा प्रत्येक पहाडको काखमा नदी, छातीमा छहरा र निधारमा लेक भन्ने व्यञ्जक अंशबाट 'नेपाल आमा हुन्। जसको काखमा नदीरूपी छोरी छन् र छातीबाट छहरारूपी दुध बगिरहेका छन् र लेकहरू निधार हुन्' भन्ने रूपक अलङ्कार व्यञ्जित भएकाले यो अलङ्कार ध्वनिको उदाहरण हो। यहाँ स्फोटवादका आधारमा भन्दा 'जुन देशमा प्रत्येक पहाडको काखमा नदी, छातीमा छहरा र निधारमा लेक छ' भन्ने अर्थ कोशीय अर्थका रूपमा रहेकाले अपोद्धार अर्थ हो भने 'नेपाल आमा हुन्। जसको काखमा नदीरूपी छोरी छन् र छातीबाट छहरारूपी दुध बगिरहेका छन् र लेकहरू निधार हुन्' भन्ने अंश प्रतीयमान अर्थका रूपमा रहेकाले स्थितलक्षण अर्थ हो। यस्तै वस्तु ध्वनि र स्फोटवादको सम्बन्धलाई निम्नलिखित उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

(५) हर्कबहादुरले आजसम्म समय भोगेको छैन
हर्कबहादुरले अझैसम्म समय मागेको छैन
समयको नाममा
भोग्दा-

उसले महिषासुर झापडहरू भोगेको छ। (अधिकारी, २०७६, पृ. ५६)

'हर्कबहादुरले आजसम्म समय भोगेको छैन, समय मागेको छैन, समयको नाममा भोग्दा उसले महिषासुर झापडहरू भोगेको छ' भन्ने व्यञ्जकबाट 'हर्कबहादुर रातदिन नभनी काम गर्छ। उसलाई कामबाट कहिल्यै पनि फुसर्द छैन। यसैले

उसले कुनै पनि समयमा सुखसुविधा भोग्न पाएको छैन र सुखसुविधा भोग्न पाऊँ भनी कसैसँग समय पनि मागेको छैन बरु कहिलेकाहीँ समयका नाममा समाजका महिषासुर प्रवृत्तिका व्यक्तिबाट गाली पाएको अनुभव मात्र उससँग छ । यसैले हर्कबहादुर समाजमा अन्यन्तै पीडित र हेपिएको पात्र हो' भन्ने व्यङ्ग्य अर्थ अभिव्यक्त भएको हो । यसरी वस्तुबाट वस्तु नै अभिव्यञ्जित भएकाले यो वस्तु ध्वनि हो भन्ने स्पष्ट हुन्छ । यहाँ स्फोटवादका आधारमा भन्दा 'हर्कबहादुरले आजसम्म समय भोगेको छैन, समय मागेको छैन, समयको नाममा भोग्दा उसले महिषासुर झापडहरू भोगेको छ' भन्ने अर्थ कोशीय अर्थका रूपमा रहेकाले अपोद्धार अर्थ हो भने 'हर्कबहादुर रातदिन नभनी काम गर्छ । उसलाई कामबाट कहिल्यै पनि फुर्सद छैन । यसैले उसले कुनै पनि समयमा सुखसुविधा भोग्न पाएको छैन र सुखसुविधा भोग्न पाऊँ भनी कसैसँग समय पनि मागेको छैन बरु कहिलेकाहीँ समयका नाममा समाजका महिषासुर प्रवृत्तिका व्यक्तिबाट गाली पाएको अनुभव मात्र उससँग छ र यसैले हर्कबहादुर समाजमा अन्यन्तै पीडित र हेपिएको पात्र हो' भन्ने अंश प्रतीयमान अर्थका रूपमा रहेकाले स्थितलक्षण अर्थ हो ।

यसरी स्फोटवाद र ध्वनिसिद्धान्तमा निकै समानता रहेको देखिन्छ । स्फोटवादमा उल्लेख गरिएको स्फोट व्यङ्ग्य भएजस्तै ध्वनि सिद्धान्तमा उल्लेख भएको ध्वनि पनि व्यङ्ग्य हो । जसरी ध्वनिसिद्धान्तमा व्यञ्जना शक्तिका माध्यमबाट उपर्युक्त ध्वनिहरू अभिव्यक्त हुन्छन् त्यसरी स्फोटवादमा प्रकरण आदिका माध्यमबाट शब्दवृत्तिले पनि उपर्युक्त ध्वन्यर्थलाई अभिव्यक्त गर्दछन् । काव्यशास्त्रीहरूले पनि यो स्विकारेकाले (मम्मट, सन् १९९०, पृ १३) स्फोटवादले ध्वनिसिद्धान्तलाई उपजीव्यता प्रदान गरेको स्पष्ट हुन्छ । यस्तै ध्वनिसिद्धान्तले रसलाई उत्तम प्रकृतिको ध्वनि र रससिद्धान्तले रसलाई काव्यको आत्मा मानेकाले रससिद्धान्त पनि स्फोटवादबाट प्रभावित छ भन्ने स्पष्ट हुन्छ । स्फोटवादले मानेको अपोद्धार अर्थलाई ध्वनिसिद्धान्त र रस सिद्धान्तले अभिधेय अर्थका रूपमा लिएका छन् भने स्थितलक्षण अर्थलाई क्रमशः ध्वनि र रसका रूपमा लिएका छन् । यसैले स्फोटवादले सामान्य भाषा र साहित्यिक भाषाको विश्लेषणको आधार त दिएको छ नै साथै उत्तरवर्ती सिद्धान्तको प्रवर्तनमा प्रेरक भूमिका पनि निर्वहन गरेको छ ।


### सङ्केत सिद्धान्त

सङ्केत सिद्धान्तका प्रवर्तक आधुनिक भाषाविज्ञानका प्रवर्तक फर्डिनान्ड डी ससुर हुन् । सङ्केत सिद्धान्तको प्रवर्तनमा ससुरले गरेको संस्कृतको अध्यनयनले प्रेरकको भूमिका निर्वहन गरेको देखिन्छ । उनले 'संस्कृतमा सम्बन्ध कारकको प्रयोग' (De l'emploi du génitif absolu en Sanscrit अङग्रेजी अनुवादः The use of genetix in Sanskrit) शीर्षकमा सन् १८८२ मा विद्यावारिधि गरेपछि विभिन्न विश्वविद्यालयमा संस्कृतको अध्यापन गरे । यस क्रममा उनले जेनेभा विश्वविद्यालयमा प्राध्यापन गर्दा सामान्य भाषाविज्ञानसम्बन्धी मौलिक सिद्धान्तका बारेमा पनि विश्वविद्यालयका विद्यार्थीलाई व्याख्यान दिए । उनले वर्णनात्मक प्रकृतिको संस्कृत व्याकरणबाट प्रभावित भई विशेष गरी १७ औँ शताब्दीसम्मका परम्परागत व्याकरण र त्यसपछि विकसित भएका ऐतिहासिक तथा तुलनात्मक भाषाविज्ञानले भाषाको लेख्य रूपलाई महत्त्व दिएका कारण भाषाको वर्णनात्मक अध्ययन हुन नसकेको अनुभव गरी भाषाको कथ्य रूपलाई जोड दिँदै यसको वर्णनात्मक अध्ययन गर्नुपर्ने कुरा आफ्ना व्याख्यानमा समावेश गरेका थिए तिवारी, सन् १९७६, पृ.१५०) । उनका चेला चार्ल्स बेली (Charles Bally) र अल्बर्ट सेचेहाय (Albert Sechehaye) ले ससुरका व्याख्यानलाई टिपोट गरेका थिए । सन् १९१३ मा ससुरको मृत्यु भयो तापनि तीन वर्षपछि सन् १९१६ मा उनका शिष्यद्वयले भाषिक चिन्तनका क्षेत्रमा नयाँ पद्धतिको प्रारम्भ हुने ठानी उक्त टिपोटलाई सामान्य भाषाविज्ञानको पाठ्यक्रम शीर्षकको पुस्तकका रूपमा प्रकाशन गरे । यो भाषाविज्ञानको आधारभूत ग्रन्थका रूपमा प्रकाशित भयो । यही कृतिमा सङ्केत सिद्धान्तको व्याख्या गरिएको छ । यस ग्रन्थमा ससुरले भाषालाई सङ्केत व्यवस्था मानेका छन् र यसै सङ्केत व्यवस्थाका आधारमा समग्र भाषिक व्यवस्थाको विश्लेषण गरेका छन् । सङ्केत व्यवस्थाको वैज्ञानिक अध्ययन गर्ने विधालाई उनले सङ्केतविज्ञान (semiology) भनेका छन् ।

ससुरका अनुसार सङ्केत (sign) व्यवस्थाअन्तर्गत सङ्केतक (signifier) र सङ्केतित (signified) हुन्छन् । सङ्केतक भनेको भाषिक रूप हो भने सङ्केतित भनेको अर्थ हो (ससुर, सन् १९५९, पृ.११४) । अर्थअन्तर्गत वस्तु, भाव, घटना र अवस्था रहन्छन् । सङ्केतक र सङ्केतित आन्तरिक/मानसिक र बाह्य गरी दुई किसिमका हुन्छन् । आन्तरिक तहमा रहेका सङ्केतक र सङ्केतितलाई क्रमशः ध्वनिबिम्ब (sound image) र विचार/धारणा (concept) भनिन्छ भने बाह्य तहमा रहेका सङ्केतक र सङ्केतितलाई वस्तु (content) र रूप (form) भनिन्छ । सङ्केतकको आन्तरिक र बाह्य उपस्थितिलाई क्रमशः भाषा (langue) र वाक् (parol) शब्दले बुझाएका छन् । भाषा प्रत्येक भाषिक वक्ताका मस्तिष्कमा रहेको समष्टि व्याकरणिक व्यवस्था हो र वाक् भनेको त्यस समष्टि रूपलाई पृथक् पृथक् व्यक्तिका सन्दर्भबाट हेरिने व्यष्टि रूप वा बाह्य अभिव्यक्ति हो । ससुरले सङ्केतक र सङ्केतितको सम्बन्ध र भाषिक सम्प्रेषणको प्रक्रियालाई निम्नलिखित दुई आरेखका माध्यमबाट स्पष्ट पारेका छन् :

**आरेख २**


*सङ्केतक र सङ्केतित*




(ससुर, १९५९, पृ. ११४

**आरेख ३**

*वाक परिपथ (Speaking Curcuit)*





(ससुर, १९५९, पृ. ९६)

आरेख २ अनुसार सङ्केतकले सङ्केतितलाई र सङ्केतितले सङ्केतकलाई बुझाउने भएकाले यी दुईका बिच दोहोरो सम्बन्ध रहेको तथ्य बाणाकार चिह्नले सङ्केत गरेका छन् । ससुरले सङ्केतक र सङ्केतितको सम्बन्ध रूढ नभई यादृच्छिक हुने बताएका छन् । परम्पराले सङ्केतितलाई बझुाउनका लागि चयन गरेको सङ्केतक नै मान्य हुने बताएका छन् । यसैले मान्छेलाई बुझाउने सङ्केतकहरू मानिस, मनुष्य र म्यान गरी भाषाविशेषमा फरक फरक रहन्छन् । यिनै सङ्केतकहरू व्यवस्थित रूपमा विन्यस्त हुँदा भाषा बन्ने भएकाले भाषालाई सङ्केत व्यवस्था भनेका हुन् । आरेख ३ मा गोलो घेरा ( आन्तरिक संरचना) मा सङ्केतक र सङ्केतितका रूपमा विचार र ध्वनिबिम्ब रहेका छन् । भाषिक प्रयोगमा वक्ता/लेखक र श्रोता/पाठक दुबैको भूमिका समान रहेको बताउन उनले दुई गोलो घेराको प्रयोग गरेका छन् । यी दुई गोलो घेराले क्रमशः वक्ता र श्रोताको मानसिक अवस्थालाई सङ्केत गरेका छन् । वक्ताको अभिव्यक्ति श्रोतासम्म पुग्नका लागि हुने सञ्चरणको प्रक्रियालाई वक्ताको अभिव्यक्तितिर रहेको बाणाकार चिह्न र श्रोताको श्रवणतर्फ रहेको त्रिकोणाकार ग्राहक चिह्नबाट स्पष्ट पारेका छन् । माथिको आरेखमा अभिव्यक्ति र श्रवणका विचमा प्रयुक्त विन्दु (...) ले चाहिँ भाषिक सञ्चरणको प्रक्रियालाई सङ्केत गरेका छन् । ससुरले उल्लेख गरेअनुसार भाषिक सम्प्रेषणको समग्र प्रक्रियालाई चौलागाईं (२०७६, पृ.२२) मा निम्नानुसार प्रस्तुत गरिएको छ :

**आरेख ४**

*सङ्केत र भाषिक सम्प्रेषण प्रक्रिया*




आरेख (४) अनुसार वक्ताले आफ्ना विचार वा धारणालाई ध्वन्यात्मक रूप वा शब्दका माध्यमबाट प्रयोग गर्छ र श्रोताले ध्वन्यात्मक रूपका माध्यमबाट उक्त विचारको ग्रहण गर्छ । सामान्य प्रकृतिका ध्वन्यात्मक रूपबाट विचार व्यक्त गरिँदा सामान्य भाषाको प्रयोग हुन्छ भने साहित्यमा चाहिँ विशिष्ट प्रकृतिका ध्वन्यात्मक रूपको प्रयोग हुन्छ । बोलीचालीको भाषामा सामान्य प्रकृतिका ध्वन्यात्मक रूपको प्रयोग गरिएको हुन्छ भने साहित्यकारले विशिष्ट शब्दको प्रयोग गरेको हुन्छ । सङ्केत सिद्धान्तले अर्थ सार्वभौम भए पनि शब्द यादृच्छिक हुने भएकाले शब्द वा सङ्केतक भाषाविशेषमा फरक फरक हुन्छन् भन्ने मान्यता राखेको छ । यसैले पानीलाई बुझाउने सङ्केतक 'मानिस', 'मनुष्य', र 'man' गरी भाषाविशेषमा फरक फरक हुन्छन् । यसबाट अर्थ सम्प्रेषणका लागि वक्ता/लेखक र श्रोता/पाठकको सामाजिक सांस्कृतिक परिस्थिति र बौद्धिक क्षमता समान

हुनुपर्छ भन्ने स्पष्ट हुन्छ । स्फोटवादको व्याख्याअन्तर्गत आएको उदाहरण (२) " फलानाको त तालुमा आलु फलेछ । " मा प्रयुक्त 'आलु' शब्दलाई सङ्केत सिद्धान्तअनुसार भन्दा यसलाई विशिष्ट वाक्प्रतीक भन्नुपर्ने हुन्छ । यसैले सङेकतकहरूको विशिष्ट रूपमा प्रयोग भए साहित्यिक भाषा र सामान्य रूपमा प्रयोग भए सामान्य भाषा हो भन्ने सङ्केत सिद्धान्तको मान्यता हो ।

यस्तै सङ्केत व्यवस्थाअन्तर्गत आउने सङ्केतक र सङ्केतितलाई क्रमशः रूप र अर्थ एवम् सन्देशयुक्त वाक्यात्मक संरचनालाई सङ्कथन मान्ने (पाइक, सन् १९६७, पृ. ४४०) रूपार्थपरक व्याकरण, सङ्केतकलाई संरचना, सङ्केतितलाई प्रकार्य/सन्दर्भ, सन्देशयुक्त वाक्यात्मक संरचनालाई सङ्कथन/पाठ मान्ने व्यवस्थापरक प्रकार्यपरक व्याकरणका अवधारणाहरू (ह्यालिडे र हसन, सन् १९९१, पृ.१२-२०) पनि सङ्केत सिद्धान्तबाट प्रभावित देखिन्छन् । यस्तै रूपान्तरण व्याकरणका प्रवर्तक भाषाविद् चम्स्कीले प्रस्तुत गरेको रूपान्तरण व्याकरणको मानक सिद्धान्त पनि स्फोटवादबाट प्रभावित देखिन्छ । चम्स्कीले सन् १९५७ को क्लासिकल सिद्धान्तमा अर्थको उपेक्षा गरेकाले यसमा तीव्र आलोचना भएपछि पाणिनीय व्याकरणको थप अध्ययन गरी (चम्स्की, सन् १९६५, भूमिका) सङ्केत सिद्धान्तले व्याख्या गरेअनुसार शब्द र अर्थको समन्वय गरी भाषिक संरचनाको व्याख्या गर्ने सैद्धान्तिक आधार (मानक सिद्धान्त, १९६५) प्रस्तुत गरेका छन् । यसमा भाषाका आन्तरिक र बाह्य संरचना स्वीकार गरी आन्तरिक संरचनाअन्तर्गत रहने शब्दसमूहमा नै प्रत्येक शब्दको ध्वन्यात्मक, आर्थी र प्रकार्यात्मक सूचना रहन्छन् (चम्स्की, सन् १९६५, पृ. १६४) भनी गरेको व्याख्या सङेकत सिद्धान्तबाट प्रभावित देखिन्छ ।

यसरी सङ्केत व्यवस्थालाई आधार मानेर भाषाको विश्लेषण गर्ने अधिकांश व्याकरणहरू र संरचनावादी समालोचनाहरू त सङ्केत सिद्धान्तबाट प्रभावित छँदैछन् । यति मात्रै नभएर संरचनावादका कतिपय मान्यतालाई विरोध गर्ने विनिर्माणवादमा समेत स्फोटवादको प्रभाव रहेको देखिन्छ । यस वादका प्रवर्तक समालोचक डेरिडाले सन् १९६६ को कार्यपत्र स्ट्रक्चर साइन एन्ड प्ले इन द डिस्कोर्स अफ ह्युमन साइन्सेज मा संरचनावादको आलोचना गरी विनिर्माणवादको स्थापना गरेका हुन् । पछि यस मान्यताको सन् १९६७ मा प्रकाशित अफ ग्रामाटोलोजी, (गायत्री चक्रवर्ती स्पाइभाकद्वारा अङ्ग्रेजीमा अनूदित) मा विस्तृत विवेचना गरेका छन् । डेरिडाले संसुरको सङ्केत सिद्धान्तबाट प्रभावित हुँदै त्यसलाई खण्डन गर्ने क्रममा यसको प्रवर्तन गरेकाले यसमा पनि केही सङ्केतसिद्धान्तका मान्यताहरूले स्थान पाएका छन् भने केही चाहिँ नयाँ मान्यताहरू रहेका छन् । भाषा सङ्केत व्यवस्था हो र यसअन्तर्गत आउने सङ्केतकहरू रुढ नभएर यादृच्छिक वा परम्परागत हुन्छन् भन्ने ससुरको मान्यताको डेरिडाले अनुसरण गरे पनि सङ्केतकले परम्परागत अर्थलाई मात्र नबुझाई त्यसभन्दा भिन्न र विशिष्ट अर्थ बुझाउन सक्छन् भन्दै सङेकतकसँग निश्चित परम्परागत अर्थ हुछ भन्ने ससुरेली मान्यताको खण्डन गरी सङ्केतकले परम्पराले स्विकारेको निश्चित अर्थको अभाव वा त्यसभन्दा भिन्न र विशिष्ट वा आलङ्कारिक अर्थ दिन सक्ने भन्दै भिन्नताको मान्यता ल्याएका छन् (डेरिडा, सन् २००२, पृ.७) । यही मान्यतामा आधारित भएर समग्र कृति/पाठको विश्लेषणका लागि विनिर्माणवादमा विपठन (मिसरिडिङ) को मान्यता प्रस्तुत गरिएको छ (कोवि, सन् १९९५, पृ.५७९) । यसैले उत्तर संरचनावादअन्तर्गको विनिर्माण वाद पनि सङ्केत सिद्धान्तबाट नै प्रभावित भई प्रवर्तन गरिएको सिद्धान्त हो भन्ने स्पष्ट हुन्छ

## स्फोटवाद र सङ्केत सिद्धान्तको तुलना

उपर्युक्त चर्चाबाट स्पष्ट भएको कुरा के हो भने स्फोटवाद र सङ्केत सिद्धान्त दुवै सामान्य भाषा तथा काव्यभाषाको अध्ययन र विश्लेषण गर्ने सिद्धान्त हुन् । यो तथ्य स्फोटवादअन्तर्गत आरेख (१) मा उल्लेख गरिएको भाषिक सम्प्रेषणको प्रक्रिया र सङ्केत सिद्धान्तअन्तर्गत आरेख (४) मा उल्लेख गरिएको भाषिक सम्प्रेषणको प्रक्रियाबाट स्पष्ट भइसकेको छ । यी दुई आरेखका आधारमा भन्दा स्फोटवाद र सङ्केत सिद्धान्तमा निकै समानता देखिन्छ । यी दुई आरेखमा उल्लेख गरिएका स्फोट र सङ्केत समान प्रकृतिका छन् । स्फोट र सङ्केत दुवै भाषाका आन्तरिक संरचना हुन् । स्फोट र सङ्केत दुवै ध्वनिसमुदायका रूपमा बाह्य संरचनामा अभिव्यक्त हुन्छन् । यस्तै यिनीहरूको सम्प्रेषण प्रक्रिया पनि समान रहेको कुरा आरेखबाट स्पष्ट हुन्छ । यी सिद्धान्तका आधारमा 'आमाको सपना' कविताको निम्नलिखित अंशलाई यसप्रकार व्याख्या गर्न सकिन्छ :

(६) आमा, त्यो आउँछ र ?
हो बा, त्यो आउँछ ।
त्यो बिहानीको सूर्यझैँ उज्यालो छर्दै आउँछ ।
त्यसको कम्मरमा झुन्डिएको, शीत जस्तै टल्कने
तिमी एक हतियार देख्ने छौ,

त्यसैले ऊ अधर्मसित लड्ने छ !

(रिमाल, २०७६, पृ. १)

स्फोटवादका अनुसार वक्ता वा लेखकले आफ्ना विचारलाई अभिव्यक्त गर्न स्फोट/आन्तरिक शब्दको चयन गर्छ र त्यसलाई ध्वन्यात्मक रूपबाट अभिव्यक्त गर्दछ । यसअनुसार 'आमाको सपना' कविताका वक्ता/लेखक गोपालप्रसाद रिमाल हुन् । उनले राणाशासनबाट जनताहरू पीडित भएको अवस्थामा उक्त पीडाबाट मुक्त गराउने विचार सम्प्रेषण गर्ने उद्देश्यले यस कविताको सिर्जना गरेका छन् । यस उद्देश्यका लागि उनले पहिले आफ्नो विचारलाई सङ्केत गर्ने स्फोट वा आन्तरिक शब्दको चयन गरी उक्त आन्तरिक संरचनालाई बैखरीको रूपमा अभिव्यक्त गरेका छन् । यसैले स्फोटवादका अनुसार उपर्युक्त कवितांश स्फोट वा आन्तरिक शब्दकै बैखरी रूप वा बाह्य अभिव्यक्ति (ध्वनिसमुदाय) हो ।

स्फोटवादले अभिव्यक्त भइसकेको ध्वनिसमुदायलाई अपोद्धार अर्थ र स्थितलक्षण अर्थका आधारमा व्याख्या गर्ने सैद्धान्तिक आधार तयार पारेको छ । उपर्युक्त कवितांशमा 'छोराले आमासँग त्यो आउँछ भनी गरेको प्रश्न, आमाले त्यो बिहानीको सूर्यझैँ उज्यालो छर्दै आउने र त्यसको कम्मरमा झुन्डिएको, शीत जस्तै टल्कने एक हतियार हुने छ भनी दिएको प्रत्युत्तर अपोद्धार अर्थ हो । यस अपोद्धार अर्थबाट 'त्यो' भनेको क्रान्ति हो भन्ने कुरा खुल्न सकेको छैन । यसैले यस्ता विशिष्ट वा प्रतीकात्मक शब्दले दिने अर्थको व्याख्या स्थितलक्षण आधारमा गर्नुपर्छ भन्ने स्फोटवादको मान्यता हो ।

यस कवितांशमा 'त्यो' पदले क्रान्ति, 'म' ले नेपाल आमा, 'तिमी' वा 'छोरा' ले नेपाली जनतालाई बुझाउनु स्थितलक्षण अर्थ हो । यस्तै लामो समयदेखि राणाशासकले गरेका कुकर्म/अधर्म, अन्याय र अत्याचार सहँदै आएका नेपाली जनतालाई त्यसबाट मुक्ति दिलाउन चेतना जागरण गराउने आमाको चाहना व्यक्त भएको छ । यसैले शोषण, अन्याय, अत्याचार, विकृति, विसङ्गतिबाट पीडित भएकी नेपाल आमाले परिवर्तनको अपेक्षा गरेकी छन् तर त्यो भइरहेका सन्ततिबाट सम्भव नभई पछि जन्म लिने सन्ततिबाट मात्र सम्भव हुने कुरामा नेपाल आमाले विश्वास लिएकी छन् । यस्तै शोषण, अन्याय र अत्याचारमा पिल्सिएका समग्र नेपालीमा चेतना भर्दै कालो रातीपछि बिहान सूर्योदय भएझैँ सारा मानव जगत्मा उज्यालो छर्दै मानिसका बाध्यता र विवशतालाई पन्छाउँदै क्रान्ति आउनेमा नेपाल आमा ढुक्क छिन् । गीतामा श्रीकृष्णले अर्जुनलाई जब जब धर्मको नाश हुन्छ र अधर्मको अभ्युत्थान हुन्छ तब तब म आफ्नो अवतार लिन्छु भनी सम्झाएझैँ यस कवितांशमा नेपाल आमाले आफ्ना समस्त सन्ततिलाई पनि जब जब क्रूर शासकहरूको अधर्म/कुकर्मबाट नेपाल र नेपालीहरू पीडित हुन्छन् तब तब त्यसबाट मुक्ति दिलाउन क्रान्ति आउँछ भनी आश्वस्त पारेकी छन् । यो प्रस्तुत कवितांशबाट व्यक्त भएको स्थितलक्षण अर्थ हो ।

सङ्केत सिद्धान्तका आधारमा भन्दा उपर्युक्त कवितांशमा प्रयुक्त सङ्केतक (भाषिक संरचना) बाट सामान्य पाठकले सोझो अर्थ अर्थात् स्फोटवादले भनेको अपोद्धार अर्थ बुझ्दछ भने विशिष्ट पाठकले विशिष्ट/व्यङ्ग्यात्मक अर्थ बुझ्दछ । यसर्थ उपर्युक्त कवितांशको व्याख्या सङ्केत सिद्धान्तका आधारमा पनि गर्न सकिने भएकाले स्फोटवाद र सङ्केत सिद्धान्त सामान्य भाषा र काव्य भाषा दुवैको विश्लेषणका लागि उपयोगी सिद्धान्त भएको पुष्टि हुन्छ ।

यस्तै स्फोटवाद र सङ्केत सिद्धान्त दुवैले उत्तरवर्ती भाषिक र साहित्यिक सिद्धान्तलाई प्रेरणा दिएकाले यी दुवै उपजीव्य सिद्धान्त हुन् । स्फोटवादको व्याख्याका क्रममा यसबाट ध्वनिसिद्धान्त र रससिद्धान्त प्रभावित भएको र सङ्केत सिद्धान्तबाट भाषिक अध्ययनका सिद्धान्तहरू रूपार्थपरक व्याकरण, व्यवस्थापरक व्याकरण, रूपान्तण व्याकरणका संरचनावादका विभिन्न सम्प्रदायका साथै उत्तरसंरचनावाद प्रभावित भएको उल्लेख गरिसकिएको छ । यसैले यी दुवै उपजीव्य सिद्धान्त हुन् ।

स्फोटवाद र सङ्केत सिद्धान्तमा रहेको भिन्नता के हो भने स्फोटवादले शब्द र अर्थको सम्बन्धलाई अन्योन्याश्रित र नित्य मानेको छ भने सङ्केत सिद्धान्तले अर्थ सार्वभौम भए पनि शब्द भने यादृच्छिक हुने भएकाले शब्द वा सङ्केतक भाषाविशेषमा फरक फरक हुन्छन् भन्ने मान्यता राखेको छ । यसैले मानवलाई बुझाउने सङ्केतक 'मानिस', 'मनुष्य', र 'man' गरी भाषाविशेषमा फरक फरक रहेको कुरा उल्लेख गरिसकिएको छ । भर्तृहरिले संस्कृत भाषाका सन्दर्भमा मात्र शब्द र अर्थको सम्बन्धको चर्चा गर्नु र ससुरले सबै भाषालाई समेट्ने गरी चर्चा गर्नुले यी दुई सिद्धान्तका बिच केही भिन्नता देखिएको हो । वस्तुतः स्फोटवाद र सङ्केत सिद्धान्तमा तात्त्विक भिन्नता भने छैन । ससुरले संस्कृत व्याकरणमा विद्यावारिधि तहको अध्ययन र विश्वविद्यालयमा केही वर्ष संस्कृत भाषाको प्राध्यापन गरेपछि प्रस्तुत गरेको सङ्केत सिद्धान्त संस्कृत व्याकरणबाट प्रभावित हुनु स्वाभाविकै हो । यसैले सङ्केत सिद्धान्तको उपजीव्य/प्रेरक सिद्धान्त स्फोटवाद हो भन्ने स्पष्ट हुन्छ ।

## निष्कर्ष

स्फोटवाद र सङ्केत सिद्धान्त सामान्य भाषा र काव्य भाषाको विश्लेषणका लागि तयार पारिएका आधारभूत र उपजीव्य/प्रेरक सिद्धान्त हुन् । यी दुवै सिद्धान्तबाट उत्तरवर्ती भाषिक र साहित्यिक सिद्धान्त प्रभावित भएका छन् । यी दुई सिद्धान्तमध्ये स्फोटवाद पूर्वीय व्याकरण परम्परामा विकसित भाषिक र साहित्यिक अध्ययनको आधारभूत सिद्धान्त हो भने सङ्केत सिद्धान्त भने पाश्चात्य भाषिक अध्ययनको परम्परामा विकसित सिद्धान्त हो । स्फोटवादले 'जसबाट अर्थ प्रस्फुटित/द्योतित हुन्छ त्यो स्फोट हो' भन्दै शब्द र अर्थको समन्वित रूपलाई स्फोट मानेको छ । यसैले यस वादले अर्थविनाको शब्द हुँदैन र शब्दले अर्थ व्यक्त गर्नु नै पर्दछ भन्दै शब्द र अर्थका बिच अन्योन्याश्रित सम्बन्ध स्विकारेको छ । स्फोटवादमा प्रयुक्त 'शब्द' ले रूपभन्दा माथिल्लो पदभन्दा तल्लो एकाइका रूपमा रहेको शब्दलाई मात्र सङ्केत नगरी समग्र भाषिक संरचनालाई सङ्केत गरेको छ । स्फोटवादका अनुसार शब्द बाह्य र आन्तरिक गरी दुई प्रकारका छन् । ध्वनिसमुदाय/नाद बाह्य शब्द हो भने बुद्धिस्थ शब्द आन्तरिक शब्द हो । यी दुई शब्दमध्ये बुद्धिस्थ शब्द स्फोट हो भने ध्वनिसमुदाय चाहिँ त्यसको व्यञ्जक हो । यस्तै स्फोटवादले अर्थविनाको शब्द हुँदैन तर कुन शब्दको के अर्थ हो भन्ने कुरा प्रयोगमा आधारित हुन्छ भन्दै अर्थनिर्धारणका लागि प्रकरण, देश, काल आदिलाई आधार मानेको छ । प्रकरण, देश, काल आदिका कारण एउटै शब्दले पनि अनन्त अर्थ दिन सक्छ भन्ने स्फोटवादको मान्यता रहेको छ । यसरी स्फोटवाद भाषिक र साहित्यिक अध्ययनको उत्कृष्ट सिद्धान्त बन्नुका साथै यसले उत्तरवर्ती भाषिक सिद्धान्तअन्तर्गत सङ्केत सिद्धान्त (संरचनावाद), रूपार्थपरक व्याकरण, व्यवस्थापरक व्याकरण, रूपान्तरण व्याकरण, र साहित्यिक सिद्धान्तअन्तर्गत ध्वनिसिद्धान्त, रससिद्धान्त, संरचनावादी समालोचना र विनिर्माणवादलाई प्रभावित बनाएकाले यो उपजीव्य सिद्धान्त भएको स्पष्ट हुन्छ ।

यस्तै सङ्केत सिद्धान्तले पनि सङ्केतक (शब्द), सङ्केतित (अर्थ) र ती दुईका बिचको सम्बन्ध एवम् भाषिक सम्प्रेषण प्रक्रियाका माध्यमबाट सामान्य भाषा र काव्य भाषा दुवैको विश्लेषण गर्ने सैद्धान्तिक आधार दिएको छ । यस सिद्धान्तले पनि सङ्केतकअन्तर्गत शब्द मात्र नभई समष्टि भाषिक संरचनालाई समेटेको छ । यस सिद्धान्तले सामान्य भाषा र काव्य भाषाको भिन्नता छुट्याउने आधारमा वक्ता/लेखक र श्रोता/पाठकको परिस्थितिगत समानता र बौद्धिक क्षमतालाई आधार बनाएको छ । सङ्केत सिद्धान्तका अनुसार वक्ताले आफ्ना विचार/धारणालाई ध्वन्यात्मक रूप/शब्दका माध्यमबाट प्रयोग गर्छ र श्रोताले ध्वन्यात्मक रूपका माध्यमबाट उक्त विचारको ग्रहण गर्छ । सामान्य प्रकृतिका ध्वन्यात्मक रूपबाट विचार व्यक्त गरिँदा सामान्य भाषाको प्रयोग हुन्छ भने साहित्यमा चाहिँ विशिष्ट प्रकृतिका ध्वन्यात्मक रूपको प्रयोग हुन्छ । बोलीचालीको भाषामा सामान्य प्रकृतिका ध्वन्यात्मक रूपको प्रयोग भएको हुन्छ भने साहित्यमा विशिष्ट शब्दको प्रयोग हुन्छ । सङ्केत सिद्धान्तले भने अर्थ सार्वभौम भए पनि शब्द यादृच्छिक हुने भएकाले शब्द वा सङ्केतक भाषाविशेषमा फरक फरक हुन्छन् भन्ने मान्यता राखेको छ । यसैले मानवलाई बुझाउने सङ्केतक 'मानिस', 'मनुष्य', र 'man' गरी भाषाविशेषमा फरक फरक हुन्छन् । यसबाट अर्थ सम्प्रेषणका लागि वक्ता/लेखक र श्रोता/पाठकको सामाजिक सांस्कृतिक परिस्थिति र बौद्धिक क्षमता समान हुनुपर्छ भन्ने स्पष्ट हुन्छ । यसर्थ सङ्केत सिद्धान्त पनि सामान्य भाषा र काव्य भाषा दुवैको विश्लेषणका लागि उपयोगी सिद्धान्त भएको स्पष्ट हुन्छ । सङ्केत सिद्धान्तबाट पनि रूपार्थपरक व्याकरण, व्यवस्थापरक व्याकरणलगायतका भाषिक सिद्धान्त र उत्तरसंचनावाद आदि साहित्यिक सिद्धान्त प्रभावित भएकाले यो पनि उपजीव्य/प्रेरक सिद्धान्तका रूपमा स्थापित हुन सफल भएको छ । यसैले विश्लेषण पद्धतिका दृष्टिले स्फोटवाद र सङ्केत सिद्धान्तमा निकै समानता छ । यस्तो समानता हुनुमा स्फोटवादबाट सङ्केत सिद्धान्त प्रभावित हुनु हो भन्ने निष्कर्ष प्राप्त भएको छ ।

## सन्दर्भ सामग्रीसूची


अधिकारी, दिनेश (२०६७), हर्कबहादुर, *सबैको नेपाली.* ठाकुर पराजुली र अरू (सम्पा.), साझाप्रकाशन ।

अर्याल, भैरव (२०६७), आलु, *सबैको नेपाली, दसौँ संस्क.* ठाकुर पराजुली र अरू (सम्पा.), साझा प्रकाशन ।

आनन्दवर्धन (सन् *२०१०), ध्वन्यालोक,* नगेन्द्र (सम्पा), ज्ञानमण्डल लिमिटेड ।

चौलागाईं, प्रेमप्रसाद (२०७६), स्वप्नदृष्टि महाकाव्यको स्फोटवादी विश्लेषण, *सरस्वती सदन,* ४-५, १-१४ ।

चौलागाईं, प्रेमप्रसाद (२०७८), स्फोटवाद : भाषिक र साहित्यिक अध्ययनको उपजीव्य सिद्धान्त, *प्रज्ञा,* ११८ (२१३), १३-२५ ।

तिवारी, भोलानाथ (सन् १९७६), *आधुनिक भाषाविज्ञान,* लिपि प्रकाशन ।

द्विवेदी, कपिलदेव (सन् १९५१), *अर्थविज्ञान और व्याकरण दर्शन,* हिन्दुस्तानी एकेडेमी ।

पतञ्जलि (सन् १९५०), *व्याकरण महाभाष्य,* चारुदेव शास्त्री (अनु.), मोतीलाल बनारसी दास ।

पाणिनि (सन् १९९४), अष्टाध्यायी, भट्टोजिदीक्षित (व्याख्या), *सिद्धान्त कौमदी,* चौखम्बा संस्कृत प्रतिष्ठान ।

भर्तृहरि (सन् १९६५), *वाक्यपदीय,* काशीनाथ शर्मा (सम्पा.). पुण्यपतन विद्यापीठ ।

मम्मट (सन् १९९०), *काव्यप्रकाश,* (नबौँ सस्क.ं श्रीनिवास शास्त्री (व्याख्या.), साहित्य भण्डार ।

रिमाल, गोपालप्रसाद (२०७६), आमाको सपना (नबौँ संस्क.),साझा प्रकाशन ।

शर्मा, सुकुम (२०७६), ससुरको भाषिक सम्प्रेषण सिद्धान्त : साहित्यविश्लेषणको आधार *प्रज्ञा,* ११७ (२१३), ४१-५० ।

शेरचन, भूपी (२०६७). मेरो देश, *सबैको नेपाली,* ठाकुर पराजुली र अरू (सम्पा.).साझाप्रकाशन ।

Chomsky, Noam (1957). Syntactic Structures, Monton.

Chomsky, Noam (1965). *Aspects of the theory of syntax*. The MIT Press.

Bloom, Harold (2003). *A map of misreading. (2nd ed.).* Oxford univesity press.

Cowie, A.P. (Ed.). (1995). *Oxford advanced learners's dictionary*. Oxford Univesity press.

Derrida, Jacques (1978). *Structure, sign, and play in the discourse of the human sciences*. In A. Bass (Trans.), *Writing and difference*. University of Chicago Press. (Original work published 1967)

Derrida, J. (2002). *Of grammatology* (G. C. Spivak, Trans.). Motilal Banarsidass.

Haliday, M.A.K. and Hasan Ruqaiya (1991). *Language,context and tex* : aspects of language in a social-semiotic perspective, second Ed. Oxford University Press .

Pike, Kenneth L. (1967). Language in relation to a unified theory to the structure of human behavior. (2nd Ed.). The Hague : Mouton.

Saussure, F. De. (1916/1959). Course in general linguistics. Trans.Wade Baskin. The Philosophical Society.

**Ethical Approval for Research:** Not applicable.

**Conflict of Interest:** No conflict of interest.

**Ethical Conduct of Research:**

I declare that this work has been ethically conducted.

**Author Bio-Note**

Prem Prasad Chaulagaiin is a Lecturer of Nepali with a PhD in Nepali Literature. He is currently working at Trichandra Multiple Campus, Tribhuvan University. He has published dozens of articles on Nepali literature.